# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २९, अकं ८, पौष/माघ २०८१ Nov/Dec 2024


## उद्योग वाणिज्य संघ-चितवनको ५८ औं वार्षिक साधारण सभा सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको ५८ औं वार्षिक साधारण सभा २०८१ मसिर १५ गते शनिवार पर्व व्यङ्क्वयट, भरतपुर-३, कमलनगरको सभाहलमा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल प्रमुख अतिथि रहनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभामाको समुद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानी गर्न सक्नेहरुका लागि नेपालमै राम्रो सम्भावना भएको बताउनुभएको थियो । उहाँले सामाजिक सञ्जालहरुमा आएजस्तो देशको अवस्थामा नैराश्यता मान्नुपर्ने नभएको बताउँदै लगानी गर्न चाहनेहरुका लागि स्वदे

बाँकी ३ नं. पेजमा...

## नेपालको आर्थिक विकासका लागि सुझाव संकलन सम्बन्धी अन्तरक्रिया सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको सभाहलमा मिति २०८१ मसिर १८ गते उच्चस्तरिय आर्थिक सुधार सुझाव आयोगको आयोजना एवम् उद्योग वाणिज्य संघ-चितवनको समन्वयमा नेपालको आर्थिक विकासका लागि सुझाव संकलन सम्बन्धी अन्तरक्रिया सम्पन्न भएको थियो । कार्यक्रममा सहभागि उद्योगी व्यवसायीहरुले नेपालको अर्थतन्त्र सुधार्न कृषि, पर्यटन र विद्युतको विकासमा ध्यान दिनुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले कृषि, पर्यटन र विद्युत उत्पादनमा राज्यको लगानी नबढेसम्म देशको आर्थिक विकासले फड्को मार्न नसक्ने सुझाव बताउनुभएको थियो । उहाँले सरकारले आर्थिक सुधार सुझाव आयोगमार्फत सुझाव सङ्कलन गरेर व्यवसायीहरुको धारणा र सुझाव राख्ने मौका दिनु राम्रो भएको बताउँदै हामीले दिएका सुझावको केही न केही अंश पालना गरिदिने हो भने पनि देशको अर्थतन्त्रले सुधारको बाटो समात्न सक्ने उहाँको भनाई थियो । उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष राजेन्द्र ओलीले उद्योग, व्यवसाय धरापमा पर्नुको मुख्य कारण नै राज्यको कानुनी झमे




ला रहेको बताउनुभएको थियो । उहाँले चिनियाँ उद्योगीले नेपालमा आएर उद्योग चलाउने र यहाँ गरेका उत्पादनलाई भारतलगायतका देशमा बेच्न चाहन्छन् । तर, नेपालको कानुनी प्रक्रियाका कारण उनीहरु लगानी गर्न चाहँदैनन् उहाँले भन्नुभयो । यस्तै यस्तै कारणले यहाँ चलिरहेका उद्योग पनि खारेज हुने अवस्थामा पुगिसकेका छन्


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५० | AN ISO 9001:2015 CERTIFIED CHAMBER | quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**संयोजक:**
बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरू:**
हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी, अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरू:**
राजेन्द्र ओली, विज्ञानलाल श्रेष्ठ

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
बिनायक लम्साल - सूचना प्रविधि अधिकृत

। राज्यले यहाँका उद्योगी, व्यवसायीलाई बचाउन आवश्यक रहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य इमान्दु बरालले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने कार्यक्रम ल्याउन आवश्यक रहेको सुझाव दिँदै जबसम्म आन्तरिक पर्यटकलाई पर्यटक मानिँदैन तबसम्म पर्यटन विकासले गति लिन नसक्ने उहाँको सुझाव थियो । उहाँले कम्तीमा दुई छिमेकी मुलुकबाट मात्रै राम्रोसँग पर्यटक भित्रिने वातावरण सिर्जना गरिदिने हो भने पर्यटन विकासले राम्रोसँग फड्को मार्ने उहाँको भनाई थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य श्रीकृष्ण लम्सालले सरकारले पर्यटकीय क्षेत्र र हाइड्रो पावरमा तागत देखाउन देखाउनु पर्ने सुझाव दिनभएको थियो । उहाँले पर्यटनलाई मात्रै राम्रो गर्न सकियो भने पनि देशको अर्थतन्त्र सुद्रिन्छ भन्ने कुरा र ाज्यले बुझ्नुपर्ने बताउँदै वाल्मीकि क्षेत्र पुग्न भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यतालाई उदाहरण दिँदै कम्तीमा पर्यटकहरुलाई आउन-जान सहज राज्य बानाउनु सुझाव दिनुभएको थियो । उद्योग वाणिज्य संघ मुग्लिनका उपाध्यक्ष कुमार श्रेष्ठले मनकामना, इच्छाकामनाजस्ता धार्मिक महत्त्वका स्थानमा आवश्यकताअनुसार राज्यको नजर नपुग्दा पर्यटक भित्र्याउन नसकिएको बताउनुभएको थियो । उहाँले त्यसबाहेक नेपालको पहाडी क्षेत्र जडीबुटीको खानी भएकोले जडीबुटीको पहिचान गर्न सक्ने प्राविधिकको व्यवस्था गर्न सके चितवनको पहाडी क्षेत्रका नागरिकले पनि आयस्रोत बढाउन सक्ने बताउनुभएको थियो । उहाँले चितवनको पहाडी क्षेत्रका चेपाङ समुदाय तीन महिना खाएपछि बाँकी नौ महिना भोकै बस्नुपर्ने बाध्यता रहेको बताउँदै कम से कम राज्यले तिनै चेपाङ बस्दै आएको जङ्गलमा कस्तो प्रकारको जडीबुटी छ भन्ने कुरा चिनाइदिने हो भने ती चेपाङले कहिल्यै भोको बस्नु पर्थेन । राज्यले त्यस्तो सुविधा दिलाउन सके तिनै चेपाङले जङ्गलको संरक्षण गर्दै आम्दानीको स्रोत बढाउन सक्ने उहाँको भनाई थियो । रत्ननगर उद्योग वाणिज्य संघकी सदस्य ईश्वरी सिंखडाले भने कृषि क्षेत्रको विकासका नाममा दिइने अनुदानमा चरम भ्रष्टाचार भइरहेकोले त्यसलाई खारेज गर्नुपर्ने माग राख्नुभएको थियो । किसानलाई आवश्यकताभन्दा पनि कर्मचारीलाई कमिसन आउने क्षेत्रमा बढी लगानी भइरहेको बताउँदै ...देशमा सबैभन्दा ठूलो भ्रष्टाचार भनेकै कृषि क्षेत्रमा भइरहेको छ, सामूहिक बाख्रापालन गर्दै आउनुभएको उहाँले भन्नुभयो अनुदान किसानको आवश्यकताअनुसार आउँदैन, सरकारी कर्मचारीको आवश्यकताअनुसार आउँछ, त्यसैले कृषिमा अनुदान खारेज गर्नुपर्छ । निर्माण व्यवसायी संघ चितवनका अध्यक्ष दिनेशचन्द्र न्यौपानेले निर्माण व्यवसायको क्षेत्रमा काम ढिलाइ हुनुको मुख्य कारण पनि राज्य नै भएको निर्माण बताउनुभएको थियो । निर्माण व्यवसायीले पूरै लगानी गरेर काम गर्न सक्ने वातावरण पनि नहुने र सरकारले पनि समयमा भुक्तानी नदिने समस्याले कुनै पनि विकास निर्माणको काम पछि धकेलिएको बताउँदै अर्को कुरा सडकको काम गर्दा सरकारले सम्बन्धित क्षेत्रसँग समन्वय नगरिदिँदा कतिपय काम दिगो हुन नसकेको उहाँको भनाई थियो । भरतपुर बाइपास सडकको उदाहरण दिँदै उहाँले भन्नुभयो खानेपानी, बिजुली, वनलगायतका कार्यालयसँग समन्वय नगरिदिँदा काममा ढिलाइ हुने गरेको छ । बाइपास सडकमा कहीं न कहीं हरेक दिन पानीको पाइप फुटिरहेको हुन्छ अनि गाली खाने निर्माण व्यवसायीले । आयोगकी सदस्य कल्पना खनालले चितवनमा सङ्कलित सुझाव अर्थ मन्त्रालयमार्फत नीति निर्माणमा काम लाग्ने बताउनुभएको थियो । देशको अर्थतन्त्र हरेक वर्ष कमजोर बन्दै गइरहँदा यस्तै सुझाव सङ्कलनमार्फत माथि उकास्ने प्रयास हुने उहाँको भनाई थियो । कार्यक्रममा विभिन्न क्षेत्रका उद्योगी व्यवसायी गरी ७० जनाको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गरेको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

बाँकी...
शमै राम्रो सम्भावना र मौका भएको बताउनुभएको थियो । उहाँले पछिल्लो समय हरेक क्षेत्रमा नकारात्मक विषयको प्रभाव बढी हुने हुँदा नेपालमा कुनै सम्भावना छैन भनेर भाष्य सिर्जना गर्न खोजिएको बताउँदै त्यसकारण अब हामीले त्यसलाई चिर्न सक्ने गरी काम गरेर नतिजा देखाउनुपर्ने बताउनुभएको थियो । उहाँले नेपालमा हरेक चीजको राम्रो सम्भावना छ । तर, सम्भावनालाई वास्तविक अवस्थामा ल्याउनका लागि निजी क्षेत्रले मात्रै प्रयास गरेर नहुने बताउँदै त्यसका लागि सरकार र राजनीतिक दलले उत्तिकै सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै विशिष्ट विशिष्ट अतिथि जिल्ला समन्वय समिति चितवनका प्रमख नारायण प्रसाद अधिकारीले देशमा पूर्वाधार वृद्धिगर्न लाग्न पर्ने हामी आफैमा भएको ज्ञान सिप पहिचान गर्न नसक्दा पछि परेको बताउनुभएको थियो । उहाँले देशमा भएको स्रोत साधनलाई सहि तरिकाले पहिचान गर्न नसक्दा देश गरिब भएको बताउनुभएको थियो । उहाँले अव हाम्रो देशमा विदेशमा रहेको शिप, प्रविधि र पूँजि भित्राउन आवश्यक रहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै चितवन जिल्ला देशको आर्थिक गतिविधिलाई चलायमान बनाउने प्रमुख जिल्लाभित्र पर्ने हुँदा त्यसतर्फ राज्यले ध्यान दिनुपर्ने बताउनुभएको थियो । उहाँले साना उद्योग तथा नवप्रवर्तनलाई प्रोत्साहित गर्नुका साथै उनीहरुले गरेको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा गुणस्तरीय र प्रतिस्पर्धी बनाउन राज्यले निजी क्षेत्रलाई सहयोग गर्नुपर्ने बताउनुभएको थियो । उहाँले निजी क्षेत्रमा सरकारले स्टार्टअप नीति ल्याए पनि राम्रो सम्भावना बोकेको क्षेत्रमा उचित लगानी हुन नसकेको बताउनुभएको थियो । उहाँले कृषिप्रधान देशको रुपमा परिचित नेपालले कृषि क्षेत्रमै आत्मनिर्भर बन्न नसक्नु दुःख व्यक्त गर्दै कृषि, पर्यटनजस्ता क्षेत्रमा भएका व्यावसायिक सम्भावनालाई पहिचान गर्न नसक्दा अधिकांश श्रमशक्ति विदेश पलायन हुन बाध्य हुँदा पनि राज्यले नदेखेजस्तो गरेर बस्न नहुने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनको ५८ औं वार्षिक साधारण सभाको उद्घाटन सत्रमा बल्दै नेपाल उद्योग वाणिज्य महासंघ वागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठले निजी क्षेत्रले आगामी दिनमा आफ्नो कार्यक्षेत्रलाई फराकिलो बनाउँदै लैजानुपर्ने बताउनुभएको थियो । उहाँले पर्यटन, शिक्षा, स्वास्थ्य, कृषिजस्ता क्षेत्रमा पनि उद्योग वाणिज्य संघले काम गर्न सक्ने बताउँदै हामीले शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रबाट पनि आर्थिक क्रान्तिमा टेवा र त्यसको नेतृत्व उद्योग वाणिज्य संघ-चितवनले लिनुपर्ने बताउनुभएको थियो । उहाँले शिक्षा, स्वास्थ्य, पर्यटन, कृषिजस्ता क्षेत्रमा निजी क्षेत्रले काम नगर्ने हो भने राज्यको लगानी व्यर्थ हुने ...अधिकांश पब्लिक कलेज बन्द हुने अवस्थामा आएको बताउनुभएको थियो । उहाँले अब पनि निजी क्षेत्र चुप लागेर बस्ने हो भने ती कलेज बन्द हुन धेरै वर्ष पर्खिनै नपर्ने बताउनुभएको थियो । कार्यक्रममा बल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्वअध्यक्ष एवं राष्ट्रिय सहकारी बोर्डका सहअध्यक्ष मित्रराज दवाडीले राजनीतिक दलहरुबाट निजी क्षेत्र विभिन्न बहानामा हस्तक्षेपमा परिरहेको बताउँदै उहाँले दलहरुले निजी क्षेत्रलाई सहयोग गर्ने नाममा अप्रत्यक्षरुपमा हस्तक्षेप गरिरहेको बताउनुभएको थियो । उहाँले विकासको काममा सबै राजनीतिक दल एकै ठाउँमा उभिनुपर्ने बताउँदै सरकार परिवर्तन हुँदा पनि विकासको काम निरन्तर भइरयो भने मुलुक समृद्धहुने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडलले सधै व्यापार व्यावसाय संकटमा परेको बताउने व्यवसायीहरुले नीतिमा के सुधार गर्यो भने व्यवसाय मुखि हुन्छ त्यस्ता विषयमा छलफल गर्न व्यववसायीलाई सुझाव दिनुभएको थियो । कार्यक्रममा बोल्दै माओवादी केन्द्र चितवनका सचिव द्रोण सिवाकोटीले धरासायी बने को पोल्ट्री व्यवसायको विकास तथा नयाँ विकल्प खोज्न पर्ने बताउनुभएको थियो । उहाँले निजी क्षेत्रमा माओवादी केन्द्रको तर्फबाट कुनै हस्तक्षप नभएको बताउनुभएको थियो । कार्यक्रममा बोल्दै नेकपा एमाले चितवनका अध्यक्ष कमलराज पाठकले निजी क्षेत्रको विकास विना मुलुकको विकास सम्भव नभएको बताउँदै त्यसका लागि सरकार जती प्रयत्नशिल छ निजी क्षेत्रपनी उत्तिकै जिम्मेवार हुनुपर्ने बताउनुभएको थियो । उहाँले समग्र चितवनको विकासका लागि निजी क्षेत्रले एजेण्डा निर्माण गरोस् नेकपा एमाले कार्यान्वयनमा सहयोग गर्न तयार रहेको बताउँदै उहाँले निजी क्षेत्र धरासायी हुदाँ देश धरासायी बन्ने बताउनुभएको थियो । उहाँले विभिन्न देशका कानुनहरुका बारेमा जनानकारी गराउँदै देश विकासका लागि बाधक बन्ने कानुन च्यातेर फाल्नुपर्ने बताउनुभएको थियो । कार्यक्रममा नेपाली कङ्ग्रेस चितवनका जिल्ला सभापती राजेश्वर खनालले यस साधारण सभाको कार्यक्रममा स्थानिय एवम् संघीय सरकारको प्रतिनिधिहरु पनि भएको भए राम्रो हुने बताउँदै उहाँले सरकारले नीति निर्माण गर्दा उद्योगी व्यवसायी एवम् आम नागरिकलाई जानकारी गराएर मात्र गर्नुपर्ने बताउनुभएको थियो । अहिले देशले लिएको वैदेशीक ऋणको ब्याज भुक्तानी गर्न नसक्ने अवस्थामा पुगेको छ यसका लागि हामीले ल्याएको ऋण सम्बन्धित क्षेत्रको काम समयमा नै कार्यसम्पन्न हुने गरी लगानी होस् भन्नका लागि यसको नेतृत्व निजी क्षेत्रले लिनुपर्ने बताउनुभएको थियो । कार्यक्रममा भरतपुर महानगरपालिका वडा नं १ का वडा अध्यक्ष केशव महर्जन, रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष शंकर गिरी, चितवन उद्योग संघका कार्यवहाक अध्यक्ष मदन घिमिरे लगायतले मन्तव्य राख्नुभएको थियो ।

**बन्द सत्र**

उद्योग वाणिज्य संघ-चितवनको ५८ औं वार्षिक साधारण सभाको दोस्रो सत्र पर्व व्यङ्क्वईट नारायणगढको सभाहलमा सम्पन्न भएको थियो । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले प्रस्तुत गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी प्रस्तुत गर्नुभएको प्रस्ताव तथा प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले प्रस्तुत गर्नुभएको आ.व. २०८०/०८१ को आय व्यय विवरण एवम् आ.व. २०८१/०८२ को प्रस्तावित बजेटका साथै विविद कारणले संघको उठान नसकिएको रकम अपलेखन गर्ने सम्बन्धी एजेण्डा पारित गरीएको थियो । कार्यक्रममा ५८ औं वार्षिक साधारण सभाका मूल संयोजक इमान्दु बरालले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

# करदाता शिक्षा एवम् प्रशिक्षण कार्यक्रम सम्पन्न



चितवनको उद्योगी व्यवसायीहरुको छाता संस्था उद्योग वाणिज्य संघ चितवनको आयोजना एवम् आन्तरिक राजस्व कार्यालय भरतपुर र सुनौलो पटिहानी टोल विकास संस्थाको समन्वयमा २०८१ मसिर २३ गते पश्चिम चितवनका व्यवसायीहरूलाई लक्षित गरी करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम भरतपुर महानगरपालिका वडा नं २२ को सभाहलमा भएको थियो । पश्चिम चितवनका उद्योगी व्यवसायीहरूलाई आय कर तथा मूल्य अभिवृद्धि कर लगायत कर का नीति नियमका बारेमाजानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले करको न्युनतम जानकारी व्यवसायीहरूमा नहुँदा करसम्बद्ध झन्झटहरु भोग्नुपर्ने  समस्याहरु निराकरण गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो । कार्यक्रमका आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत एवम कार्यक्रमका प्रमुख अतिथि पुण्य विक्रम खड्काले कर दाता भनेको राज्यको रक्तसञ्चार भएको बताउँदै देश विकासका लागि सरकार मात्र केही होइन हाम्रो पनि भूमिका ठुलो हुन्छ भन्ने सोचेर कर तिर्न व्यवसायीहरूलाई आग्रह गर्नुभएको थियो । कार्यक्रममा बोल्दै भरतपुर महानगरपालिका वडा नं २२ का वडा अध्यक्ष विष्णुराज महतोले व्यवसाय गर्दा करका नीति नियमका बारेमा जानकारी बिना व्यवसायिक सफलता प्राप्त गर्न नसकिने भएकाले नीति नियमका बारेमा सिक्न व्यवसायीहरूलाई आग्रह गर्नुभएका थियो । कार्यक्रममा बोल्दै सुनौलो पटिहानी टोल विकास संस्थाका अध्यक्ष अनिता आचार्यले करका बारेमा जानेको छैन भनेर छुट नहुने भएकाले सबैले जान्नुपर्ने भएकाले ध्यान दिएर नजानेका कुरा निर्धक्क सँग प्रशिक्षक सँग सोध्न व्यवसायीलाई अनुरोध गर्नुभएको थियो । कार्यक्रममा आन्तरिक राजश्व कार्यालयको कर अधिकृत विमल पौडेलले कार्यक्रमको मध्यस्तकर्ता गर्नुभएको थियो । कार्यक्रमको धन्यवाद ज्ञापन सहित समापन गर्दै उद्योग वाणिज्य संघ-चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले व्यवसायीहरूलाई अन्य कुनै तालिम आवश्यक परे तालिम दिन उद्योग वाणिज्य संघ-चितवन सधै तयार रहेको बताउँदै यही पुस २५ गते देखि माघ १० गते सम्म १५ औं संकरणको रुपमा चितवन महोत्सव-२०८१ आयोजना गर्न लागिएको जानकारी गराउँदै प्रदर्शकको रुपमा वस्तु तथा सेवा प्रवर्द्धन गर्न परे पनि सचिवालयमा सम्पर्क गर्न अनुरोध गर्नुभएको थियो । उहाँले चितवन महोत्सव-२०८१ लाई सफल पार्नका लागि सबैलाई सहयोग गर्न अनुरोध गर्नुभयो ।कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष नारायण प्रधान, कार्यसमिति सदस्य श्रीकृष्ण लम्साल, सूचना प्रविधि अधिकृत बिनायक लम्साल, भरतपुर

महानगर कार्यपालिका सदस्य विना नेपाली, भरतपुर महानगरपालिका वडा नं २२ का वडा सदस्यहरु, सुनौलो पटिहाली टोल विकास संस्थाका पदाधिकारी तथा कार्यसमिति लगायत उद्योगी व्यवसायी गरी ७० जनाको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षतामा सम्पन्न भएको करदाता शिक्षा एवम् प्रशिक्षण कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

# उद्योग वाणिज्य संघ-चितवनको अध्यक्षको नेतृत्वमा महासंघको विशेष साधारण सभामा सहभागी

नेपाल उद्योग वाणिज्य महासंघको विशेष साधारण सभा २०८१ मसिर २५ गते सम्पन्न भएको थियो । उक्त साधारण सभामा संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको नेतृत्वमा संघका पूर्व अध्यक्ष कल्याण जोशी, द्वितीय उपाध्यक्ष अशोक अधिकारीको र कार्यकारी निर्देशक निलबहादुर के.सी को सहभागिता रहेको थियो । सो साधारण सभाको अवसरमा जिल्ला नगर उद्योग वाणिज्य संघको तर्फबाट उद्योग वाणिज्य संघ-चितवका अध्यक्ष सुमनकुमार श्रेष्ठले थप राय सुझाव पेश गर्नुभएको थियो ।



# उवासंघ-चितवनमा नेपाल-भारत आर्थिक साझेदारी शिखर सम्मेलन २०२४ सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा २०८१ पौष १ गते भारत नेपाल आर्थिक साझेदारी सम्मेलन २०२४ सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् नेपाल भारत कन्सुलेट जनरल अफ इन्डीया, बिरगंज नेपाल र पिएचडी चेम्बर अफ कमर्श एण्ड इण्डष्ट्रिज PHDCCI को सहकार्यमा द्विपक्षीय आर्थिक विकासका विषयमा छलफल भएको थियो । छलफलमा भारत र नेपालको अग्रगामी द्विपक्षीय आर्थिक साझेदारी एजेन्डाहरुमा छलफल गर्न नेपाल-भारत आर्थिक साझेदारी शिखर सम्मेलन २०२४ आयोजना गरिएको थियो । चितवनलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न बिरगंज महत्वपूर्ण रहेको र भारत-नेपाल सीमा नजिकैको व्यापारलाई बढावा दिनुका साथै अर्थव्यवस्थाका प्रमुख क्षेत्रहरुमा व्यापार संलग्नताका नयाँ मार्गहरु खोज्न मद्दत गर्ने धारण कार्यक्रममा आएको थियो । कार्यक्रममा मुख्य छलफलका विषयहरु भारत र नेपालका बिच गहिरो आर्थिक संलग्नताका लागि (नेपालमा रेमिट्यान्स, आयात, निर्यात र भुक्तानी सन्तुलन (बिओपी) चुनौतिहरुमा ध्यान केन्द्रित गर्दै) संयुक्त कार्य गर्ने, भारतबाट नेपाल र अन्य क्षेत्रहरुमा लगानी प्रवाहित गर्ने, दक्षिण एसियामा उपक्षेत्रीय सहयोगको मुख्य शक्तिका रुपमा भारत-नेपाल द्विपक्षीय सम्बन्ध पुर्नस्थापित गर्ने, सबै महत्वपूर्ण क्षेत्रहरुमा पारस्परिक रुपमा लाभदायक भारत-नेपाल द्विपक्षीय सम्बन्धमा फस्टाउन उद्योग र सरकारको दिगो अभिसरण सिर्जना गर्ने, सीमा क्षेत्र विकास कार्यक्रममा लुकेको सम्भावनालाई ध्यानमा ल्याउन र बिहारमा नेपालका सीमावर्ती जिल्लाहरुको पूर्वाधार सुधार गर्न मद्दत गर्ने र तिनीहरुलाई भारत-नेपाल व्यापार जडानको प्रवेशद्वार बनाउनका लागि मार्ग प्रशस्त गर्ने, नेपालभरि क्लस्टर-आधारित आर्थिक क्षेत्रहरु बनाउन छलफल र विचार प्रस्तुत गर्ने, बृहत्तर आर्थिक संलग्नता सुरक्षित गर्न र कायम राख्न सीमापार व्यापार मापदण्डलाई थप मजवुत गराउनुपर्नेमा केन्द्रीत हुन सहभागीहरुलाई जोड दिईएको थियो । भारत-नेपाल केन्द्र, पीएचडीसीसीआई का सचिव अतुल के ठाकुरले नेपालको विद्यमान समष्टि आर्थिक परिदृश्यको व्याख्या गर्दै शिखर सम्मेलनको दिशा निर्धारण गर्नुभएको थियो । नेपालको समृद्धिको सम्भाव्यता अध्ययन गर्न र भारत-नेपाल आर्थिक सहयोगको माध्यमबाट महामारीपछिको चुनौतिहरुको सामना गर्न सरकार र उद्योगीहरुबीच सहयोग गर्ने प्रतिवद्धता राख्नुभएको थियो । उहाँले यस शिखर सम्मेलनले भारत-नेपाल द्विपक्षीय सहयोगलाई गति दिनका लागि नयाँ रोडम्याप तयार गर्ने बताउनुभएको थियो । उहाँले छलफलमा नेपाल र भारतमा औद्योगिक विकास प्रवर्द्धन, द्विपक्षीय व्यापार नीतिहरुको पुनरावलोकन, द्विपक्षीय र उप-क्षेत्रीय आर्थिक सहयोग विस्तार, सीमा क्षेत्र विकास र कनेक्टिभिटी सुधारमा जोड दिन आग्रह गर्नुभएको थियो । स्वागत मन्तव्य राख्दै उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले नेपालको औद्योगिक विकास आर्थिक कुराले प्रभावित भएको बताउँदै भारत र नेपालका व्यापारिक समुदायहरुबिच घनिष्ठ सहकार्यको आवश्यकता रहेको बताउनुभएको थियो । उहाँले चितवनको दिगो औद्योगिक विकासका लागि भारत-नेपाल द्विपक्षीय आर्थिक सहयोगलाई अझ गहिरो बनाउने र चितवानका उद्योगहरु नजिकको व्यापारिक साझेदारीका लागि खुला राख्ने आश्वासन दिनुभएको थियो । उहाँले भारतिय पर्यटकहरुलाई नेपाल भ्रमण गर्नका लागि समन्वयका लागि महावाणिज्य दुतावासलाई आग्रह गर्नुभएको थियो । कार्यक्रममा बोल्दै भारतीय वाणिज्यदूत, बीरगञ्ज नेपाल देवी साहाइ मीनाले भारत र नेपालबिचको आर्थिक सहयोगलाई गति दिने आश्वासन दिनुभएको थियो । नीति र कार्यान्वयनका माध्यमबाट भारत नेपालको प्रमुख विकास साझेदार बनेको बताउँदै उहाँले "भारत सरकारले सीमापार व्यापारसम्बन्धी पूर्वाधार विकासका लागि सहयोग गरिरहेको बताउनुभयो । उहाँले बीरगञ्ज-रक्सौल, बिराटनगर-जोगबनी, भैरहवा-सुनौली र नेपालगञ्ज-रुपैडीहाका चार प्रमुख एकीकृत चेक पोस्टलाई अन्तर्राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्ने, भारतीय सीमामा पुग्ने राजमार्गको स्तरोन्नति गर्ने, फराकिलो मापन र नेपालसँगको रेल सम्पर्क विस्तार गर्ने, बीरगञ्ज र बिराटनगरमा एकीकृत चेक पोस्टहरु पूर्ण रुपमा कार्यान्वय गर्ने, नेपालगञ्ज-रुपैडीह आइसीपी पनि १ जुन २०२३ मा दुवै देशका प्रधानमन्त्रीद्वारा उद्घाटन गरिएको बताउनुभएको थियो । उहाँले सुनौली-भैरहवा सीमामा एकीकृत चेकपोस्टको निर्माण कार्य पनि सोही समयमा सुरु भएको बताउँदै भारत र नेपालबिचको जयनगर-जनकपुर-बर्दिबास क्रस बोर्डर रेल लाइनलाई स्तरोन्नति गर्दै गएको र मोतिहार-रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट नेपालमा डिजेल ढुवानी भइरहेको बताउनुभएको थियो । भारत र नेपालबिचको यो पाइपलाइन परियोजना सम्पूर्ण दक्षिण एसियामा यस प्रकारको पहिलो भएको जानकारी

गराउँदै त्यसैगरी भारत सरकारको अनुदानमा निर्माण गरिएको रक्सौल-परवानीपुर क्रस बोर्डर ट्रान्समिसन लाइन पनि सञ्चालनमा रहेको बताउनुभएको थियो । उहाँले नेपालको विकास निर्माणमा भारत सधैं साथ दिदैं आएको बताउँदै आगामी दिनमा पनी सधैं साथ दिने धारण प्रस्तुत गर्नुभएको थियो । नेपाल -भारत आर्थिक साझेदारी शिखर सम्मेलन २०२४ मा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, नेपाल मामिला विज्ञ महेश कुमार अग्रवाल, बिहार राज्य संयोजक, सीमा जागरण मञ्च अतुल कोइराला, बोर्ड सदस्य, बीपी कोइराला भारत-नेपाल फाउन्डेसन र टेक्नो-उद्यमी र आनन्द झाले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा चितवन उद्योग संघ, चितवन चेम्बर अफ कमर्श, नवलपुर, गैडाकोट, मध्यविन्दु, देवचुली, रत्ननगर, खैरहनी, राप्ती उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्षज्यूहरु, पदाधिकारी, कार्यसमिति, विभिन्न वस्तुगतसंघका अध्यक्ष एवम् प्रतिनिधि लगायत उद्योगी व्यापारी गरी ८० जनाको सहभागिता रहेको थियो ।उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको नेपाल-भारत आर्थिक साझेदारी शिखर सम्मेलन २०२४ को कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## पत्रकारको उपचारका लागि उद्योग वाणिज्य संघ चितवनद्वारा २५ हजार रुपैयाँ प्रदान




उद्योग वाणिज्य संघ चितवनले गम्भीर प्रकृतिको रोगबाट प्रभावित भएर उपचाररत पत्रकारका लागि २५ हजार रुपैयाँ सहयोग उपलब्ध गराएको थियो । चितवनका पत्रकारहरुलाई स्वागत एवम् छलफल कार्यक्रमका अवसरमा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले नेपाल पत्रकार महासंघ चितवन शाखाका नवनिर्वाचित अध्यक्ष वसन्तराज पराजुलीलाई क्यान्सर रोगबाट प्रभावित पत्रकारको उपचार का लागि उक्त सहयोग रकम उपलब्ध गराउनुभएको थियो । उद्योग वाणिज्य संघ चितवनको सभाहलमा २०८१ पौष ९ गते आयोजित कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले नवनिर्वाचित पत्रकारलाई बधाई व्यक्त गर्दै पत्रकारहरूले पेशागत मर्यादा अनुरुप काम गर्नेमा आफू विश्वस्त रहेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ चितवनले यहि पुस १५ गतेदेखि नारायणी नदी किनारमा चितवन महोत्सवको १५ औं श्रीङ्खला आयोजना गर्न लागेको बताउँदै उहाँले पुस २५ देखि माघ १० गतेसम्म चल्ने महोत्सवमा कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनलाई प्राथमिकतामा राखिएको जानकारी गराउँदै महोत्सवलाई सफल बनाउन सम्पूर्ण पत्रकार साथीहरूको रचनात्मक सहयोगको अपेक्षा गरेका व्यक्त गर्नुभएको थियो । नेपाल पत्रकार महासंघको गत मंसिर २८ गते देशैभर निर्वाचन भएको थियो । चितवनबाट वसन्तराज पराजुलीको नेतृत्वमा नयाँ कार्यसमिति निर्माण भएको थियो । कार्यसमितिले पदभार ग्रहण लगत्तै बसेको महासंघको पहिलो बैठकले जटिल स्वास्थ्य समस्याका कारण उपचाररत पत्रकारहरु भूपराज पाठक र संगीता बानियाको उपचारका लागि आर्थिक संकलन गर्ने निर्णय गर्दै सहयोगको लागि सबैमा आह्वान गरेका थिए ।

## चितवन महोत्सव-२०८१ सम्पन्न




चितवनको गौरव र गरिमामय प्रस्तुतिको १५ औं संस्करणको रुपमा रहेको चितवन महोत्सव-२०८१ भव्यताकासाथ सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् भरतपुर महानगर पालिका र जिल्ला समन्वय समिति, चितवनको मुख्य प्रवर्द्धनमा २०८१ पौष २५ गते देखि माघ १० गते सम्म १५ दिन सञ्चालित उक्त महोत्सवमा करिव ५ लाख ५० हजार दर्शकहरूले अवलोकन गरेको थिए भने ३० करोड बढीको कारोबार भएको थियो ।

# महोत्सवको समुद्घाटन कार्यक्रम

चितवनको गौरव र गरिमामय प्रस्तुति १५ औं संस्करणको रुपमा रहेको चितवन महोत्सव- २०८१ को औपचारिक एवम् विधिवत समुद्घाटन समारोह मिति २०८१ पौष २५ गतेका दिन नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीज्यूको प्रमुख आतिथ्यतमा समुउद्घाटन भएको थियो । महोत्सवको उद्घाटन गर्दै मन्त्री भण्डारीले निजी क्षेत्रको विकासका लागि कानुनी जटिलतालाई फुकाएर काम गर्नुपर्ने बताउनुभएको थियो । उहाँले चितवन महोत्सवको १५औँ संस्करणको उद्घाटन सभामा बोल्दै कानुनी जटिलताका कारण निजी क्षेत्र फस्टाउन नसकेको बताएका बताउनुभएको थियो । उहाँले चितवनको शक्तिखोरमा बनाउने भनिएको औद्योगिक क्षेत्रको विकासलाई उदाहरणका रुपमा लिँदै उद्योग मन्त्रालयले काम गर्ने भनेर प्रक्रिया अगाडि बढाउँदा वन मन्त्रालयले रोकिदिन्छ । हिजो हामीले नै बनाएका कानुन आज हाम्रै लागि बाधक बनेका छन्, त्यसैले यसलाई सच्याउन आवश्यक रहेको बताउनुभएको थियो । सरकारले निजी क्षेत्रलाई सहज हुने खालका नीति निर्माण गरिदिने हो भने नेपालको उत्पादन विदेशी बजारमा पर्याप्त हुने बताउँदै उहाँले लगानी र उत्पादनभन्दा पनि सरकारभित्रका संरचना थप जटिल बनेको बताउनुभएको थियो । उहाँले एउटा मन्त्रालयले काम गर्न खोज्दा अर्को मन्त्रालयसँग बाझिन्छ, उसले रोक्छ । हिजो हामीले नै बनाएको कानुन हाम्रै लागि प्रगतिको बाधक बन्ने गरेकोले त्यस्ता कानुन परिमार्जन गरेर शासकीय सुधार ल्याउन आवश्यक रहेको बताउनुभएको थियो । सरकारले बनाएको कानुनले नियन्त्रण गर्ने, निषेध गर्ने वातावरण सिर्जना भएको हुँदा त्यसले उद्योग, व्यवसायलाई पनि निषेध गरेको उहाँले बताउनुभयो । एउटा कामका लागि बनेको कानुन अर्को काममा बाधक बन्ने स्थितिकै कारण सुशासनमा जनअपेक्षाअनुसारको काम हुन नसकेको बताउदै आगामी दिनमा त्यस्ता कानुन संशोधन गरेर देशमा लगानीमैत्री वातावरण सिर्जना गर्नु सरकारको दायित्व भएको उहाँको भनाइ थियो । एउटै विधेयक पारित गर्नका लागि राजनीतिक खिचातानीका कारण वर्षौंदिनसम्म कुर्नुपर्ने अर्को समस्याले देश विकासमा बाधा पुगेको मन्त्री भण्डारीले बताउनुभएको थियो । अर्को कुरा तीन तहका सरकारको परिकल्पना गरेर काम गर्दा पनि एउटा तहको सरकारले अर्को तहको सरकारलाई नचिन्ने अवस्था आएको बताउदै तीनै तहको सरकारबीच समन्वय र सहकार्यका साथ अगाडि बढ्न आवश्यक रहेको बताउनुभएको थियो । नेपालको पुँजी बजारमा निजी क्षेत्रको प्रवर्द्धन र आन्तरिक बजारमात्रै नभई विश्व बजारमा निजी क्षेत्रको उत्पादनलाई पुर्‍याउन सरकारले अख्तियारी गरिरहेको समेत बताउदै समयको मागअनुसार कृषि, उद्योग, ऊर्जा, प्रविधिलगायतका क्षेत्रमा लगानी बढाउने प्रयास गर्दै आएको उहाँले दाबी गर्नुभएको थियो । यस्तै रुग्ण बनेका उद्योग तथा सरकारी संस्थानलाई मजबुत बनाउनका लागि सरकारले उच्चस्तरीय आयोग बनाएर काम गर्नुपर्ने बेला आएको मन्त्री भण्डारीले बताउनुभएको थियो । विराटनगर जुट मिल, गोरखकाली टायर उद्योग, हेटौँडा सिमेन्ट कारखाना, बुटवल धागोलगायतका उद्योगलाई सञ्चालन गर्ने विषयमा पनि सरकारले प्रयास गरिरहेको बताउदै




यी उद्योगलाई सञ्चालन गर्न निजी क्षेत्रसँग सरकारले साझेदारी गरेर काम गर्ने हो भने नेपालको जिडिपीमा सुधार देखिने उहाँको बुझाइ रहेको थियो । महोत्सव मूल समारोह समितिका संयोजक एवम् उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवनको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधिलगायत समग्र क्षेत्रको आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकासमा महोत्सवले टेवा पुर्‍याउँदै आएको बताउनुभएको थियो । चितवनको गरिमा र पहिचानलाई अन्तर्राष्ट्रियस्तरसम्म पुर्‍याउन पनि महोत्सवले विगतका दिनदेखि नै योगदान दिँदै आएको बताउँदै उहाँले आर्थिक मन्दीका कारण विक्षिप्त बनेको अर्थ क्षेत्रलाई यस वर्षको महोत्सवले थप ऊर्जा दिने अपेक्षा व्यक्त गर्नुभएको थियो । मूल संयोजक श्रेष्ठले महोत्सव पर्यटनलाई केन्द्रमा राखेर आयोजना गरिएको उल्लेख गर्दै महोत्सव अवधिभर आयोजना गरिने पर्यटनसँग सम्बन्धित गोष्ठी तथा सेमिनार र विभिन्न पर्यटकीय गतिविधिले चितवनको पर्यटन प्रवर्द्धनमा थप टेवा पुर्‍याउने बताउदै चितवनलाई पर्यटकीय दृष्टिकोणबाट देशको तेस्रो गन्तव्यकोरुपमा लिइने गरिएकाले दोस्रो बनाउनका लागि वन्यजन्तुमा आधारित पर्यटनका साथै सांस्कृतिक सम्पदा, पर्यापर्यटन, ऐतिहासिक सम्पदा एवं धर्मिक सम्पदामा आधारित पर्यटनको विकास गर्नुपर्ने श्रेष्ठले बताउनु भयो । विसं २०५३ देखि हरेक दुई वर्षमा हुँदै आएको महोत्सवमा कृषि, अटो, मेड इन नेपाल, इलेक्ट्रोनिक, चाईनिज र आईटीका छुट्टैछुट्टै परिसर रहेको श्रेष्ठले बताउनु भयो । कार्यक्रमका विशिष्ट अतिथि एवं भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सवले मद्दत पुर्‍याउने बताउनुभएको थियो । चितवनको कृषिमा धेरै सम्भावनाहरू रहेको उल्लेख गर्दै प्रमुख दाहालले कृषिको सम्भावनालाई मूर्तरुप दिन महोत्सव फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो । चितवनमा स्वास्थ्य, शिक्षा, कृषि तथा पर्यटनको राम्रो सम्भावना रहेको भन्दै नारायणी नदी तटबन्धसहित यहाँ पर्यटकीय गतिविधि सञ्चालनका लागि महानगरपालिकाले विशेष ध्यान दिएको दाहालको भनाइ थियो । उद्घाटन कार्यक्रममा उद्योग वाणिज्य महासंघका सदस्य अनिल कृष्ण श्रेष्ठ, बागमती सरकारका माननीय वन तथा वातावरण मन्त्री

कृष्णप्रसाद सिलवाल नेपाली कङ्ग्रेस चितवनका सभापती राजेश्वर खनाल, नेकपा एमाले चितवनका अध्यक्ष कमलराज पाठक, नेकपा मओवादी केन्द्रका अध्यक्ष रामचन्द्र अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष कृष्णप्रसाद भुषाल, राष्ट्रिय प्रजातन्त्र पाटी चितवनका अध्यक्ष रुद्रप्रसाद ढकाल, चितवन उद्योग संघका कार्यवहाक अध्यक्ष मदन घिमिरे, चितवन महोत्सव-२०८१ मुख्य प्रायोजक ग्लोबल आइएमी बैंक कलस्टर प्रवेश पाण्डे लगाएतले मन्तव्य राख्नुभएको थियो । महोत्सवको उद्घाटन समारोहमा चितवन महोत्सव-२०८१ को अवसरमा प्रकाशीत स्मारिका प्रमुख अतिथि नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीज्यू सहितका अतिथिद्वारा १५ औं चितवन महोत्सव स्मारिका विमोचन गरिएको थियो । उद्घाटन कार्यक्रममा स्थानिय निकायका प्रमुखज्यूहरु विभिन्न जिल्ला तथा नगर स्तरिय उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु, सरकारी निकायकाप्रमुखज्यूहरु, पत्रकार, पर्दशक एवंदर्शकहरुको उपस्थिति रहेको थियो। राष्ट्रियस्तरको एभिन्यूज टेलीभिजन र स्थानिय स्तरमा आभास च्यानल बाट प्रत्यक्ष प्रशारण गरिएको समुद्घाटन समारोहको सञ्चालन उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष एवं चितवन महोत्सव- २०८१ का सदस्य सचिव चिरञ्जीवी सुवेदीले गर्नु भएको थियो । महोत्सवको समुद्घाटन पूर्व २०८१ पौष २५ गते विहान विभिन्न झाँकी सहितको शोभायात्रा निकालिएको थियो। शोभायात्रामा विभिन्न जातजातिका आआफ्ना भेषभूषामा सजिएर उपस्थित भएका थिए। घोडा, हात्तीसँगै बाजागाजासहित निकालिएको शोभायात्राले नारायणगढ बजारलाई परिक्रमा गरेको थियो ।

## १. खेलकुद कार्यक्रम (Sports Activities)

**क) साईकल र्‍याली:** चितवन महोत्सव २०८१ को अवसर पारी महोत्सवको प्रचार प्रसार एवं प्रबर्द्धनमा सहयोग पुर्‍याउदै जनचेतनामूलक जानकारी सहितको एक बृहत साईकल र्‍याली महोत्सवको शुरु हुनुपूर्व मिति २०८१ पौष २० गतेका दिन आयोजना गरिएको थियो । साइकल चढौं स्वस्थ्य रहौं, साईकल चढ्दा गरिव भईदैन दिर्घजिवी भइन्छ, चितवन महोत्सव २०८१ लाई भव्यताका साथ सफल पारौं भन्ने नारा सहितका प्लेकार्ड र महोत्सवको लोगो अंकित एप्रोन लगाई सयौंको संख्याले साईकल र्‍यालीमा सहभागिता जनाएका थिए । साईकल र्‍यालीलाई साईकल व्यववसायी संघ चितवन-नवलपुर र चितवन साइकल राइडर्स क्लवले समन्वय गरेको थियो भने साईकल र्‍यालीको उद्घाटन चितवन महोत्सव-२०८१ का मूल संयोजक श्री सुमनकुमार श्रेष्ठले गर्नु भएको थियो । महोत्सवको सचिवालय उद्योग वाणिज्य संघ-चितवनबाट शुरु भएको र्‍याली पोखरा वसपार्क, वाईपास रोड, हाकिमचोक शहिदचोक हुदैं महोत्सव सचिवालय सम्म आएको थियो र पुन गितानगर, पटिहानी हुदैं जगतपुर सम्म पुगी उद्योग वाणिज्य संघ-चितवनको परिसरमा आई समापन भएको थियो ।




र्‍यालीमा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्य, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, खेलाडी लगायत व्यवसायीहरुको उल्लेख्य सहभागिता रहेको थियो । महोत्सवको प्रबर्द्धन एवं प्रचार प्रसारमा उक्त र्‍यालीले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

**ख) सेपाक तात्रो:** चितवन महोत्सव- २०८१ को अवसरमा महोत्सव परिसरमा अन्तर विद्यालय सेपाक तात्रो खेलको आयोजना गरिएको थियो । नौलो एवं पूर्ण मनोरञ्जनात्मक उक्त खेलको अवलोकन गर्नका लागि उल्लेख्य संख्यामा अवलोकनकर्ताहरुको भिड लागेको थियो । दुई दिन सम्म चलेको उक्त खेलमा प्रथम दित्तिय र तृतिय हुने खेलाडीहरुले नगद पुरस्कार सहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गरेका थिए ।




**ग) स्लो साईकल प्रतियोगिता (Slow Cycle Competition):** चिनवन महोत्सव-२०८१ आयोजना एवं साईकल व्यवसायी संघ चितवन नवलपुरको समन्वयमा माघ २ गतेका दिन महोत्सव परिसर भित्र खुल्ला स्लो साइकल प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा करन खड्का, अन्जित ढकाल र सुरेश राना क्रमशः प्रथम, दित्तिय र तृतिय भएका थिए ।



**घ) अन्तर वस्तुगत संघ डोरी तनाई प्रतियोगिता:** चितवन महोत्सव-२०८१ खेलकुद समितिको आयोजनामा मिति २०८१ पौष २५ गते अन्तर वस्तुगत संघ डोरी तान्ने प्रतियोगिता भएको थियो । जसमा १२ वटा वस्तुगत संघले सहभागिता जनाएका थिए । उक्त प्रतियोगितामा होटल व्यवसायी संघ चितवन प्रथम भएको थियो भने फेन्सी व्यवसायी संघ द्वितीय भएको थियो ।



## २. पर्यटन क्षेत्र (Tourism Sector)

चितवन महोत्सव-२०८१ मा अन्य क्षेत्रहरूको प्रवर्द्धनका साथसाथै यस वर्ष पर्यटनलाई केन्द्रविन्दु बनाई आयोजना गरिएको थियो । चितवन पर्यटकीय क्षेत्रहरूका वारेमा जानकारी गराउने उद्देश्यले एक वटा स्टलमा पर्यटकीय स्थलहरूको पोस्टर पम्लेट राखिएको थियो । पर्यटन क्षेत्र सँग सम्बन्धित गोष्ठी, सेमिनार, पर्यटकिय क्रियाकला, खेलकुद, सांस्कृतिक भेषभुषाको प्रदर्शनी, लगायतका गतिविधिहरू संचालन गरिएको थियो । १५ दिन सम्म सञ्चालन गरिएको चितवन महोत्सव- २०८१ मा पर्यटन विकास सँग सम्बन्धित तपसिल बमोजिमका कार्यक्रमरु आयोजना गरिएको थियो ।

**२.१ मौरीको प्रतिमा निर्माण:** चितवन जिल्ला पर्यटन, शिक्षा, स्वास्थ्य लगायत कृषिमा पनि एक नमूना जिल्लाहो । कृषिको प्रबर्द्धनका साथसाथै कृषि पर्यटनमा समेत योगदान पुऱ्याउने हिसावले संघले समय समयमा प्रबर्द्धनात्मक क्रियाकलापहरू आयोजना गर्ने गरेको छ । यसै सन्दर्भमा चितवन महोत्सव २०८१ को अवसरमा चितवन मौरी पालनका तोरी उत्पादनमा जोड उद्देश्यका साथसाथै यसको अध्ययन अनुषन्धानको लागि पनि उत्कृष्ट गन्तब्य हो भन्ने सन्देश फैलाउने उदेश्यले महोत्सव परिसर भित्र तोरी वारीमा मौरीको आकृती निर्माण गरिएको थियो ।

**२.२ कलात्मक प्रवेश द्वार:** चितवन महोत्सव २०८१ को अर्को आकर्षणको रुपमा मूल प्रवेश द्वार पनि रहेको थियो । चितवन जिल्लामा अवस्थित मुख्य पर्यटकिय स्थलहरूको कलात्मक चित्र अंकित प्रवेश द्वारले चितवन जिल्लाको पर्यटकिय स्थलहरूको प्रतिनिधित्व गरेको थियो । यसका आकर्षणका कारण दैनिक हजारौं दर्शक एवं अवलोकनकताहरूले आ-आफ्नो क्यामेरा, मोवाईलमा कैद गर्नका लागि अत्यधिक भिडभाड लोगे को थियो । यो व्यवस्थाले पनी चितवनको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।





**२.३ फुड फेस्टिवल:** चितवन महोत्सव २०८१ को अवसरमा पौष २९ गते देखी माघ ७ गते सम्म नारायणगढ स्थित क्याम्पाचौर, नारायणगढमा क्याम्पाचौर फुल फेस्टिवलको आयोजना गरिएको थियो । महोत्सवको मुख्य आकर्षणाको रुपमा समेत रहेको फुड फेस्टिवल बेलुका ५ बजे देखी राती १० बजे सम्म सञ्चालन गरिएको थियो । परम्परागत खानाका परिकारहरूको प्रचार प्रसार गर्दै पर्यटन प्रवर्द्धमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजित उक्त फेस्टिवल भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले मिति २०८१ पौष २९ गतेका दिन एक कार्यक्रमका बिच उद्घाटन गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि रेनु दाहालले नेपालीहरू तथा विभिन्न जातजातीहरूको आ–आफ्नो मौलिकता झल्कने खालका खानाका परिकारहरू एकै थलोमा उपलब्ध गराई खानाको प्रचार प्रसार गर्नुका साथ साथै मनोरञ्जन दिने कार्यले दर्शक तथा सहभागीहरूलाई भरपुर आनन्द दिने बताउनु भयो ।




## २.४ चितवनको पर्यटन विकासमा सरोकारवालाहरूको भूमिका विषयक गोष्ठी

१५ औं चितवन महोत्सव–२०८१ को अवसरमा २०८१ माघ ५ गतेका दिन चितवनको पर्यटन विकासमा सरोकारवाहरूको भूमिका विषयमा एक दिवसीय गोष्ठीको आयोजना गरिएको थियो । उद्योग वाणिज्य संघ–चितवनको सभाहलमा सम्पन्न उक्त कार्यक्रमका चितवनको दिगो पर्यटन विकासका लागि पर्यटन व्यवसायीहरूले अहमतलाई त्यागेर एकिकृत पर्यटन प्याकेज ल्याउनुपर्नेमा सरोकारवालहरुले जोड दिएका थिए । चितवनका विभिन्न पर्यटकीय क्षेत्रमा रहेका पर्यटन विकास समितिका प्रतिनिधि, पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधि, पर्यटनसँग सम्बन्धित व्यवसायीका छाता संगठनका प्रतिनिधि, पालिकाका पर्यटन शाखाका प्रतिनिधि, पर्यटन विज्ञ लगयातका सरोकारवालाहरुबीच भएको अर्न्तक्रियात्मक गोष्ठीमा विविध विषयमा छलफल भएको थियो । चितवनका पर्यटकीय क्षेत्र सौराह क्षेत्र, मेघौली क्षेत्र, पटिहानी क्षेत्र, माडी क्षेत्र, इच्छाकामना क्षेत्र लगायतका पर्यटकीय क्षेत्रहरुबाट त्यहाँका पर्यटनसँग सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा भएको गोष्ठीमा सहभागीहरुले चितवनको दिगो पर्यटन विकासका विविध पक्षमा अर्न्तक्रिया गरेका थिए । गोष्ठीमा सहभागीहरुलाई उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष एवम् चितवन महोत्सव–२०८१ का मुल संयोजक सुमनकुमार श्रेष्ठले स्वागत गर्दै राज्यका विविध नीतिका कारण चितवन महोत्सवमा आफूहरुले सोचे जसरी पर्यटन प्रवर्द्धन गर्न नपाएको बताउनुभएको थियो । चितवनमा पर्यटन क्षेत्रमा ठूलो लगानी रहेको बताउँदै उहाँले यसले चितवनको पर्यटन विकासलाई दिगो बनाउने बताउनुभएको थियो । निकुञ्जमा जंगल सफारीका लागि सौराहसँगै पटिहानी र मेघौली पनि रहेको भन्दै यसको एकीकृत प्रचार हुनुपर्नेमा उहाँको जोड थियो । त्यसैगरी होमस्टेहरुको विकास गरी पर्यटकको बसाई कसरी हुन्छ चितवनमा लम्बाउनतर्फ सबै क्षेत्रका व्यवसायी एकजुट भएर लाग्नुपर्ने उहाँको धारणा थियो । गोष्ठी कार्यक्रमका स्रोत व्यक्ति एवम् पर्यटन विज्ञ विश्वराज सुवेदीले




चितवनका प्रमुख पर्यटकीय गन्तव्यहरुको पछिल्लो अवस्थाको बारेमा प्रस्तुति दिनुभएको थियो । उहाँले चितवनमा दिगो पर्यटन विकासका लागि चितवनमा पर्यटनका आकर्षणका केन्द्र थप्नुपर्ने, विमानस्थललाई विस्तार गर्नुपर्ने, चितवनको कुनै एक ठाउँलाई तोकेर त्यहाँ नाइट लाइफ सुरु गर्नुपर्ने, जिल्लाभर एकीकृत पर्यटन विकास गर्नुपर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्नुपर्ने लगायतका विविध सुझावहरु राख्नुभएको थियो । पटिहानी र मेघौलीबाट सहभागी जनाउनेहरुले पर्यटकीय गन्तव्यको प्रचार र विकास गर्दा प्रतिस्पर्धि हैन सहकार्यमा गर्नुपर्ने सुझाव दिएका थिए । सौराह र मेघौली–पटिहानी दुई प्रतिसपर्धि जस्तै अघि बढिरहेकोतर्फ इगित गर्दै उनीहरुले सौराह र मेघौली–पटिहानी क्षेत्र सहकार्यमा अघि बढ्नुपर्ने आशय व्यक्त गरेका थिए । चितवन पर्यटन महोत्सव नै आयोजना गरी चितवनको एकीकृत पर्यटन विकास र प्रवर्द्धनमा लाग्नुपर्ने त्यस क्षेत्रका सहभागीहरुको जोड थियो । चितवनको दिगो पर्यटन विकासका लागि मेघोली क्षेत्रको विकास अपरिहार्य रहेकोमा जोड दिँदै त्यस क्षेत्रका सरोकारवालाहरुले गोलाघाट नवलपुर जोड्ने पुल बनाउनु पर्ने, मेघौली विमान स्थल सञ्चालन गरिनुपर्ने, देवघाट–मेघौली–त्रिवेणीसम्मको जलयात्रा

सुरु गरिनुपर्ने लगायतका सुझाव प्रस्तुत गरेका गरेका थिए । माडीबाट सहभागी जनाउने सरोकारवालाहरुले चितवन राष्ट्रिय निकुञ्जका कारण सौराहा तेश्रो पर्यटकीय गन्तव्य बनेको तर निकुञ्जकै कारण माडी दर्दनाक अवस्थामा रहेको भन्दै दुखः व्यक्त गरेका थिए । माडीमा पनि पर्यटन विकासको प्रचुर संभावना रहेको बताउँदै वक्ताहरुले चितवन जिल्ला भरि नै एकीकृत पर्यटन प्याकेज बनाउनु पर्ने धारणा राखेका थिए । उहाँहरुले यसो गरेमात्र चितवनको दिगो पर्यटन विकास हुन सक्ने उहाँहरुको जोड थियो । सौराहबाट सहभागी वक्ताहरुले सौराह आएका पर्यटकलाई मेघौली, पटिहानी र माडी पुर्याउन त्यस क्षेत्रका व्यक्तिहरुले काम गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि आवश्यक सहयोग गर्न सौराह तयार रहेको बताएका थिए । गोष्ठीमा सहभागी अन्य सरोकारवालाहरुले पर्यटन गाइडहरुलाई समयसमयमा तालिम दिइनुपर्ने, बाह्य पर्यटकका लागि आन्तरिक हवाइ भाडा कम हुनुपर्ने, रैथाने खानालाई ब्राण्डिङ गर्नुपर्ने, कोदोको रक्सीलाई ब्राण्डिङ गर्नुपर्ने, पर्यटकीय क्षेत्रमा गाँजा सेवन गर्न पाइने बनाउनु पर्ने, टाइगर टपलाई पुनः सञ्चालन गरिनुपर्ने, मनोरञ्जन पार्कहरु बनाउनुपर्ने, चिन र भारतका पर्यटकलाई लक्षित गरी कार्यक्रम ल्याइनुपर्ने, विदेशी पर्यटक नेपाल आउँदा विमानको सहज व्यवस्थापनमा राज्यले पहल गर्नुपर्ने, अन्तर्राष्ट्रिय विमान भाडा कम गर्नतर्फ लाग्नुपर्ने, नेपाल पर्यटकका लागि कम्बो प्याकेज बन्ने संभावना भएको मुलुक भएकाले यसतर्फ राज्यले नै नीतिगत तहबाटै विविध काम गर्नुपर्ने लगायतका विविध धारणाहरु प्रस्तुत गरेका थिए । नीजि क्षेत्र पर्यटनमा लागनी गरेको गरै गर्ने तर राज्य भने संरचना बनाउन ढिला सुस्ती गर्दा लगानी कर्तामा निराशा आउन थालेको भन्दै सहभागीहरुले चिन्ता समेत व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल होटल व्यवसायी महासंघका अध्यक्ष दिनेश कुमार चुके ले पर्यटन व्यवसायीबीचको अहम्‌ताले व्यवसायीले आफ्नो खुट्टामा आफै बन्चरो हानिरहेको बताउनुभएको थियो । उहाँले सौराहाका व्यवसायीहरुले चितवनको अन्य क्षेत्रको विकासमा त्यति चासो नदिएको भन्दै अध्यक्ष चुके ले यसले चितवनको दिगो पर्यटन विकासमा नकरात्मक असर पार्न सक्नेतर्फ सचेत गराउनुभएको थियो । पर्यटन मन्त्रालयले पनि पर्यटन विकासमा त्यति प्रभावकारी भएर काम गर्न नसकेको बताउँदै अध्यक्ष चुकेले देशको पर्यटन विकासमा राज्य नै बढी जिम्मेवार हुन नसकेको धारणा राख्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रम संघको कार्यसमिति सदस्य एवम् पर्यटन समिति संयोजक ईमान्दु बरालले सञ्चालन गर्नुभयको थियो ।

## ३) कृषि

१५ औं चितवन महोत्सवको अवसरमा कृषक, कृषि पेशा तथा कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले यस विषय सँग सम्बन्धित बिबिध कार्यक्रमहरुको आयोजना गरि सम्पन्न गरिएको थियो ।

### ३.१ कृषि परिसरको व्यवस्था

चितवन महोत्सवको अवसरमा कृषिउपज, कृषि प्रबिधि, विउ विजन, कृषि उत्पादन लगायतका सो सँग सम्बन्धित बिबिध विधाको प्रदर्शनीको लागि महोत्सव परिसरमा छुट्टै कृषि परिसर (Agri Pavilion) को व्यवस्था गरिएको थियो । उक्त परिसर मा कृषिसँग सम्बन्धित ३० वटा स्टलहरू रहेका थिए । महोत्सव अवधिभर दर्शकहरूले रुचीका साथ अवलोकन गरेका थिए ।

### ३.२ प्रतिस्प्रर्धात्मक कृषि उपज प्रर्दशनी

कृषकहरूलाई प्रोत्साहन गर्दै कृषि पेशाप्रति नयां पिढीलाई समेत आकर्षित गर्ने अभिप्रायले चितवन महोत्सवको अवसरमा महोत्सवको परिसरमा प्रतिस्पर्धात्मक कृषि उपज प्रदर्शनीको आयोजना गरिएको थियो ।उक्त प्रदर्शनीमा बिभिन्न कृषि उपजहरू जस्तै फलफुल, तरकारी, अन्नवाली लगायतका उत्पादनहरूको प्रदर्शनी राखिएको थियो । कार्यक्रमलाई कृषि विकास कार्यालय चितवन र प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यालयले समेत समन्वय गरेका थिए । प्रतिस्प्रर्धात्मक कृषि उपज प्रदर्शनीको विविध विधा (उत्पादन)मा प्रथम ,द्बितीय, तृतीय र शान्त्वना हुने कृषकहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो । कृषि प्रदर्शनी कार्यक्रमको समापन मिति २०८१ माघ ७ गतेका दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकारका माननीय मन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथी कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकारका माननीय मन्त्री प्रकाश श्रेष्ठले कृषि कर्मलाई समयानुकुल आधुनिकिकरण गर्दै व्यवसायीकता प्रदान गर्नुपर्ने औंल्याउदै चितवन महोत्सव २०८१ को अवसरमा यस किसिमको कार्यक्रमको आयोजना गरि कृषकहरूलाई प्रोत्साहन दिने कार्य गरेकोमा आयोजक संस्था उद्योग वाणिज्य संघ-चितवन प्रति हार्दिक आभार ब्यक्त गर्नु भएको थियो । प्रतियोगितामा पुरस्कृत हुने कृषकहरूको विवरण छुट्टै अनुसूचि मा उल्लेख गरिएको छ ।



## ३.३ जानकारी मूलक ब्रोसर पम्प्लेट वितरण

कृषि सम्बन्धि जानकारीमूलक सन्देश एवं महोत्सवमा आयोजना गरिने बिभिन्न कार्यक्रमहरू सहितको पर्चा, पम्प्लेट, ब्रोसरहरू वितरण गरिएको थियो । महोत्सव अगावै  र महोत्सवको अवधिमा समेत उक्त कार्यलाई निरन्तरता दिइएको थियो ।

## ३.४ स्वच्छ उत्पादन स्वस्थ्य खाना र यूवा उद्यमशिलता विषादी रहित व्यवसायिक कृषि आजको आवश्यकता विषयक कृषि सम्बन्धी गोष्ठी

१५ औं चितवन महोत्सव-२०८१ को अवसरमा २०८१ माघ ७ गते उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा आयोजित कृषि गोष्ठीमा रासायनिक विषादीको प्रयोग न्यूनिकरण गर्दै लैजानुपर्नेमा वक्ताहरुले जोड दिएका थिए । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष एवम् चितवन महोत्सव-२०८१ का मूल संयोजक सुमनकुमार श्रेष्ठले हामीले प्रयोग गर्ने भान्सामा विषाधी सहितका खाद्यन्न भित्रीरहेको बताउँदै उहाँले यसलाई न्यूनिकरण आजको मुख्य आवश्यकता रेहेको धारण प्रस्तुत गर्नुभएको थियो । व्यवसायिक रुपमा प्रा[illegible]ारिक खेतीमा लाग्नु पर्ने वेला आएको बताउनुभएको थियो । उहाँले चितवन जिल्लाको खेतीयोग्य जमिन वर्गिकरण गरी व्यवसायिक र उत्पादनको आधारमा पकेट जोन बनाउनु पर्नेमा उहाँको जोड थियो । गोष्ठीमा कृषि विज्ञहरु सुजन अमागाई, चन्द्र प्रसाद अधिकारी र कृष्ण पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो  । कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरुले विषादीको प्रयोग बढ्नुका साथै अनियन्त्रित प्रयोग भइरहेको बताउनुभएको थियो । नेपालमा धेरै जसो तरकारीमा अनियन्त्रित विषादीको प्रयोग गरिएको विज्ञहरुको भनाइ थियो । विषादी छर्दा किसान आफै पनि सुरक्षित नभई छर्ने गरेको बताउँदै कृषि विज्ञहरुले किसानमा अझै पनि जनचेतना फैलाउन आवश्यक रहेको बताएका थिए । सुधारिएको प्राङ्गारिक कृषि प्रणाली अवलम्बन गरी रासायनिक विषादीको प्रतिस्थापन गर्नु आजको आवश्यकता भएको विज्ञहरुको तर्क थियो । विषादीको जथाभावी बिक्रि वितरणलाई पनि नियन्त्रण गर्न जरुरी रहेको उहाँहरुको सुझाव रहेका थियो । किसानले वर्षेनी विषदीको प्रयोगको मात्रा बढाउँदै लगेको बताउँदै विज्ञहरुले यसले मानव स्वास्थ्यसँगै वातावरणमा पनि नकरात्मक प्रभाव पारिरहेको बताएका थिए । यूवा पुस्ता कृषिलाई अंगाल्न तयार नै नहुनु, कृषि पढेका विद्यार्थीले पनि विदेश नै प्रमुख रोजाइ बनाउनुले अब नेपालमा कृषि क्षेत्र विकास गर्न निकै चुनौती हुने संकेत देखिएको भन्दै विज्ञहरुले यसतर्फ बेलैमा सचेत हुन सरोकारवालाहरुलाई सुझाव दिएका थिए । कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर चितवनकी उपकुलपति प्रा.डा. शारदा थपलियाले अहिले प्रयोग भइराखेको विषादी र औषधीले काम नगर्ने अवस्था आएको बताउँदै किसानले कडा विषादी खोज्ने गरेको र नपाएको खण्डमा भएको विषदीलाई कडा बनाउने नाममा अत्याधिक प्रयोग गरिरहेको उहाँको भनाइ थियो । एउटा विषदीको प्रयोग गरिरहँदा त्यसलाई सहन गर्न सक्ने प्रणाली किरामा विकास हुने बताउँदै उनले त्यस्तो अवस्थामा विषदीको मात्र बढाउने नभई विषदीको परिवर्तन गर्नुपर्ने बताउनुभएको थियो । नयाँ विषादीको अनुसन्धान र प्रयोग एवम् विषादी न्यूनिकरणका लागि विश्वविद्यालयले काम गरिरहेको उहाँको भनाइ थियो । उहाँले चितवनमा कृषि विकासको प्रचुर संभावना रहेको बताउँदै विश्वविद्यालयले आफ्नो तर्फबाट गर्नुपर्ने काम गरिरहेको बताउनुभएको थियो । बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकास श्रेष्ठले युवा र महिलालाई कृषिमा प्रोत्साहन गर्न आवश्यक रहेको बताउनुभएको थियो । उहाँले बागमती प्रदेश सरकारले कृषि ऋणमा ब्याज अनुदान दिने कार्यक्रम ल्याउन लागेको बताउँदै कृषि विद्यार्थीहरुलाई कृषि उद्यम गर्न प्रोत्साहन गर्ने उद्देश्यले विद्यार्थीलाई पनि ऋण उपलब्ध गराउने तयारी सरकारले गरिरहेको उहाँको भनाइ थियो । कृषिमा अब रासायनिक मलभन्दा पनि प्रा[illegible]ारिक मलको प्रयोगलाई बढाउँदै लैजानुपर्ने आवश्यकतालाई मनन गर्दै प्रदेश सरकार प्रा[illegible]ारिक कारखना स्थापना गर्नतर्फ अगाडि बढेको उहाँको भनाइ थियो । एक्कासी रासायनिक मल र रासायनिक विषादीलाई त्यागि हाल्न नसकिने बताउँदै उहाँले यसलाई व्यवस्थित र न्यूनिकरण गर्दै प्रा[illegible]ारिकलाई बढाउँदै लैजानुपर्ने बताउनुभएको थियो । विषादीको अनियन्त्रित प्रयोगलाई रोक्न प्रदेश सरकारले ऐन नै बनाएर अघि बढ्ने उहाँको भनाइ थियो । विषादीको प्रयोगपछि विषादी नष्ट गर्ने विधि नेपालमा नरहेको बताउँदै यो प्रविधि पनि भित्र्याउन आवश्यक रहेको बताउनुभएको थियो । गोष्ठी कार्यक्रमका अन्य वक्ताहरु बागमती प्रदेशका पूर्व मन्त्री एवम् चितवन जिल्ला गुरुयोजना समिति संयोजक विजय सुवेदी, जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायण अधिकारी, कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कंडेल, उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष मित्रराज दवाडीले पनि विषादीको अनियन्त्रित प्रयोग रोक्नुपर्नेमा जोड दिनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका  अध्यक्ष एवं चितवन महोत्सव-२०८१ को मूल संयोजक सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् चितवन महोत्सव कृषि प्रवर्द्धन समिति संयोजक मकुन्द प्रसाद गौतमले धन्यवाद ज्ञापन सहित समापन गरेको गोष्ठी उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।



# ४ स्वास्थ्य क्षेत्र

## ४.१ स्वास्थ्य सेवामूलक बिभिन्न कार्यक्रम

चितवन महोत्सव २०८१ को परिसर भित्र स्वास्थ्य सेवा, आपतकालिक स्वास्थ्य शिविर स्थापना गरि विभिन्न स्वास्थ्य सम्बन्धी कार्यहरु सम्पन्न गरिएको थियो । महोत्सव अवधिभर महोत्सव अर्न्तगतको स्वास्थ्य समितिको सक्रियतामा स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू आयो जना गरिएको थियो भने आपतकालिक उपचारका लागि २४सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराइएको थियो । चितवन महोत्सव २०८१ को अवधिभर निम्नानुसारका कार्यक्रमहरू बिभिन्न संघ संस्थाहरूको समेत समन्वयमा सम्पन्न गरिएको थियो । यसै गरि स्वास्थ्यसँग सम्बन्धित बिभिन्न संघ संस्थाहरुले आ-आफ्नो स्टलबाट जानकारीमूलक एवं चेतनामुलक कार्यक्रमहरू समेत सञ्चालन गर्ने व्यवस्था गरिएको थियो । महोत्सव अवधिभर स्वास्थ्य समितिको संयोजनमा आयोजना गरिएका बिभिन्न कार्यक्रमहरू निम्नानुसार रहेका थिए ।

| मिति | कार्यक्रम | संयोजन | समय |
|---|---|---|---|
| पौष २६ गते | सामान्य स्वास्थ्य शिविर | | १० बजे देखी |
| पौष २७ गते | सामान्य स्वास्थ्य शिविर | | १० बजे देखी |
| पौष २८ | सामान्य स्वास्थ्य शिविर | | ,, |
| पौष २९ गते | खुल्ला रक्तदान कार्यक्रम | अधिकृत व्यवसायी संघ चितवन | ,, |
| माघ १ गते | Blood , Sugar परिक्षण | सफल सर्जिकल हाउस | विहान १० बजे देखी |
| माघ २ गते | Free Eye Camp | भरतपुर आँखा हस्पिटल | विहान १० बजे देखी |
| माघ ३ गते | सामान्य स्वास्थ्य शिविर | | विहान १० बजे देखी |
| माघ ४ गते | सामान्य स्वास्थ्य शिविर | | विहान १० बजे देखी |
| माघ ५ गते | सामान्य स्वास्थ्य शिविर | | विहान १० बजे देखी |
| माघ ६ गते | Healthy Baby Competation | पुरस्कार सौजन्य वेवी ल्याण्ड चितनव | विहान १० बजे देखी |
| माघ ७ गते | खुल्ला रक्तदान कार्यक्रम | नेपाल स्वयमसेवी रक्तदाता समाज नेपाल | विहान १० बजे देखी |
| माघ ८ गते | खुल्ला रक्तदान कार्यक्रम | फर्निचर तथा फर्निसिट्टङ व्यवसायी संघ चितवन | विहान १० बजे देखी |
| माघ ९ गते | सामान्य स्वास्थ्य शिविर | | विहान १० बजे देखी |
| माघ १० गते | सामान्य स्वास्थ्य शिविर | | विहान १० बजे देखी |

## ४.२ हेल्थी बेवी प्रतियोगिता

चितवन महोत्सवका अवसरमा स्वस्थ्य समितिद्धारा उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा मिति २०८१ माघ ६ गते हेल्थी बेवी प्रतियोगिता आयोजना गरी सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ५ वर्ष मुनिका चितवन जिल्लाका विभिन्न मन्टेश्वरी ५० जना बच्चाहरुको सहभागिता रहेको थियो । हेल्थी बेवी प्रतियोगिताको निर्णायक चितवन मेडिकल कलेजका प्रा. डा. कल्पना मल्ल, डा. सुरक्षा धरेल रहनुभएको थियो । प्रतियोगितामा एभरेष्ट प्रि स्कुलकी विजेता राना मगर प्रथम, स्टार्स मन्टेश्वरीकी दिव्यान्सी विष्ट दोश्रो, कलर्श मन्टेश्वरीकी अन्शुमम भुजेल तेश्रो र स्टार्स मन्टेश्वरीकी प्रिस्का श्रेष्ठ चौंथो बनेका थिए । उक्त प्रतियोगितमा वेवी ल्याण्डले पुरस्कार सौजन्य गर्नुभएको थियो । विजयी बच्चाहरुलाई उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले पुरस्कार वितरण गर्नुभएको थियो । उक्त कार्यक्रम स्वास्थ्य समितिका संयोजक श्रीकृष्ण लम्सालले सञ्चालन गर्नुभएको थियो ।



# ५. राष्टव्यापी खुल्ला गजल प्रतियोगिता

चितवन महोत्सव २०८१ को अवसर पारेर माघ ४ गते राष्टव्यापी खुल्ला गजल प्रतियोगिता सम्पन्न गरिएको थियो । २०५३ सालदेखि २ वर्षको अन्तरमा हुँदै आएको महोत्सवमा पहिलोपटक गजल प्रतियोगिता गरिएको थियो । प्रतियोगितामा कूल ३८ जना गजलकारका गजलहरु प्राप्त भएको थियो । प्रतियोगिताको निर्णायकहरुमा गोविन्दराज विनोदी, केशवराज आमोदी र सरला जोशी रहनुभएको थियो । कार्यक्रममा एसआर दुवाडी, गजेन्द्र अवस्थी, सुरेन्द्र अस्तफल, राजु क्षेत्री, मसान उपासक, किसान प्रेमी र सरला जोशीले अप्रतियोगी गजल प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा चितवन महोत्सव स्मारिकाका प्रधान सम्पादक हेरम्बकुमार श्रेष्ठ असीमले स्वागत मन्तव्य राखेका थिए । चितवन महोत्सवमा आयोजित राष्ट्रव्यापी खुला गजल प्रतियोगितामा महेश संस्कृत गुरुकुल देवघाटधाममा अध्ययनरत प्रवीण काफ्ले प्रथम बन्नुभएको थियो । प्रतियोगितामा पोखरा, कास्कीका संयोग बस्याल द्वितीय र भरतपुर, चितवनकी सरस्वती पौडेलले तृतीय स्थान हासिल गर्नुभएको थियो ।प्रतियोगितामा प्रथमलाई १५ हजार, द्वितीयलाई १० हजार र तृतीयलाई ५ हजारसहित प्रमाणपत्र दिइएको थियो । उत्कृष्ट सूचीमा परेका मकवानपुरकी गौरी कँडेल, पाल्पाकी पूजा जिज्ञासु, नुवाकोटका प्रदीप कोइराला, चितवनका रामलाल कुमाल एवम् नवलपरासीका भानुभक्त सापकोटा र सरोज उजाडलाई २/२ हजार नगद र प्रमाणपत्रले पुरस्कृत गरिएको थियो । पुरस्कृत स्रष्टालाई कार्यक्रमका सभापति विष्णु लम्साल र प्रमुख अतिथि उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले पुरस्कार गर्नुभएको थियो । राष्ट्वव्यापी खुल्ला गजल प्रतियोगिताको संयोजन लेखराम सापकोटाले गर्नुभएको थियो ।




# ६. उद्योग व्यवसाय प्रवर्द्धनमा सूचना प्रविधिको तथा डिजिटल लिट्रेसी भूमिका विषयक गोष्ठी

१५ औं चितवन महोत्सव-२०८१ को अवसरमा २०८१ माघ ८ गते उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा आयोजित उद्योग व्यवसाय प्रवर्द्धनमा सूचना प्रविधिको भूमिका तथा डिजिटल लिट्रेसी विषयक सूचना प्रविधि गोष्ठी सम्पन्न भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै उद्योग वाणिज्य संघ-चितवन अध्यक्ष एवम् चितवन महोत्सव-२०८१ का मूल संयोजक सुमनकुमार श्रेष्ठले व्यवसायलाई सूचना प्रविधिमा जोड्नुअवको आवश्यकता भएको बताउनु भएको थियो । सूचना प्रविधिको विकासले आज विश्वलाई साधुरो बनाएको बताउँदै उहाँले यहाँ उत्पादन भएको वस्तु जुनकुनै ठाउँमा यही बाट प्रवर्द्धन गर्न सकिने बताउनुभएको थियो । त्यसैले सूचना प्रविधिको प्रयोगले बजारीकरणका लागि सहज बनाएको बताउँदै सवै व्यवसायीहरूलाई सूचना प्रविधि सम्बन्धी ज्ञान हासिल गर्न अनुरोध गर्नुभएको थियो । कार्यक्रमका प्रस्तोता अक्सपोर्ड कलेजका प्रिन्सिपल प्रा. डा. ई हरी भण्डारीले सूचना प्रविधिका बारेमा जानकारी गराउँदै उहाँले सूचना प्रविधि क्षेत्रलाई पूर्ण रुपमा कार्य गर्न दिने हो कुनै सेवाग्राहीलाई कार्यालय सम्म धाउन पर्ने वाध्यता अन्त गर्न सकिने



बताउनुभएको थियो । कार्यक्रममा प्रस्तोता ई.कृष्ण पोखरेलले व्यवसाय प्रवर्द्धनमा सूचना प्रविधिको भूमिकाको बारेमा प्रस्तुतिकरण राख्नुभएको थियो । कार्यक्रममा वोल्दै भरतपुर महानगरपालिका वडा नं १ का वडा अध्यक्ष केशव महर्जनले वर्तमान समयमा सूचना प्रविधि विना कुनै कार्य सहज तरिकाबाट सम्पन्न गर्न नसकिने बताउँदै उहाँले वडा कार्यालयलाई पनि डिजिटल प्रविधिबाट कार्यान्वयनमा लैजान पहल गर्ने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य एवम् चितवन महोत्सव-२०८१ का सूचना प्रविधि व्यवस्थापन समितिका संयोजक सन्तोषजनक भुसाले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रममा विभिन्न कलेजका प्रध्यापकज्यूहरु, विद्यार्थी तथा उद्योगी व्यवसायीहरुको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष एवम् चितवन महोत्सव-२०८१ का मूल संयोजक सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको उद्योग व्यवसाय प्रवर्द्धनमा सूचना प्रविधिको भूमिका तथा डिजिटल लिट्रेसी विषयक सूचना प्रविधि गोष्ठी उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## ७. चितवनको शिक्षामा नीजि लगानी: वर्तमान अवस्था र अवसर विषयक शिक्षा गोष्ठी

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा चितवन महोत्सवको अवसरमा २०८१ माघ ५ गते चितवनको शिक्षामा निजी लगानी : वर्तमान अवस्था र अवसर विषयक शिक्षा गोष्ठी सम्पन्न भएको थियो । गोष्ठीमा चितवनको शिक्षासहित देशकै समग्र शिक्षामा नीजि लगानी अवसर र चुनौती लगायतका विविधि विषयमा छलफल भएको थियो । गोष्ठी वैदेशिक शिक्षाका लागि विद्यार्थीको पलायन नै अहिलेको ठूलो चुनौती रहेको विषयमा केन्द्रीत रहेको थियो । गोष्ठीमा सहभागी शिक्षाविदहरुले कलेजभन्दा कन्सल्टेन्सीको संख्या बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका थिए । गोष्ठीमा विभिन्न क्षेत्रका शिक्षा विद, विद्यालय र क्याम्पसका शिक्षक तथा प्राध्यापक, विद्यार्थी नेता र उद्योग वाणिज्य संघका नेतृत्वहरुको सहभागीता रहेको थियो । गोष्ठीमा प्रमख अतिथिका रुपमा शिक्षा मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीको उपस्थिति रहेको थियो । गोष्ठीमा बोल्दै चितवन महोत्सव-२०८१ का मूल संयोजक एवम् उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवनमा कृषि, पर्यटन, आइटी, हस्पिटालिटी, मेडिकल शिक्षा लगायतको क्षेत्रमा प्रचुर अवसर रहेको बताउँदै यस क्षेत्रमा केन्द्रीत रहेर गोष्ठीबटा निचोच निकाल्न सहभागिहरुको ध्यानार्कषण गराउनुभएको थियो । गोष्ठीमा सहभागी बक्ताहरुले वैदेशिक पलायन नै अहिलेको प्रमुख चुनौती बनेको गोष्ठीमा बताएका थिए । पछिल्लो समय ब्याचलर तहमा विद्यार्थी पाउन गाह्रो, अस्वस्थ प्रतिस्पर्धा, दक्ष शिक्षक पाउन मुस्किल, शिक्षा प्रणालीमा समस्या लगायतका विविध समस्याहरु रहेको वक्ताहरुले औंल्याएका थिए । त्यसैगरी सरकारले ८ कक्षासम्म नि:शुल्क शिक्षा भनेकाले विद्यालय तहमा नीजि लगानी चुनौतीपूर्ण हुँदै जानेतर्फ पनि शिक्षा विद्हरुले सुझाव दिएका थिए । शिक्षामा नीजि लगानी आवश्यक रहेको भए पनि अस्वस्थ प्रतिस्पर्धा हुँदा आलोचना खेपिरहनु परेको सहभागीहरुले बताएका थिए । विदेशी विद्यार्थी ल्याउने अवसर समेत नेपालमा रहेको कुरामा जोड दिँदै सहभागीहरुले कस्तो शिक्षामा लगानी गरियो भने यहाँ विद्यार्थी टिकाउन सकिन्छ र बाहिरबाट समेत विद्यार्थी ल्याउन सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्ने सुझाव सुझाव राख्दै चीन र भारतका विद्यार्थीलाई कसरी नेपालमा ल्याएर पढाउन सकिन्छ भन्नेतर्फ सोचेर लगानी गर्नुपर्ने कुरा समेत गोष्ठीमा उठेको थियो । विद्यालयहरु यो धनिले पढ्ने र यो गरिबले पढ्ने भनि जुन भाष्य समाजमा निर्माण भएको छ यसलाई हटाउन आवश्यक रहेको कुरा समेत गोष्ठीमा उठेको थियो । शिक्षा मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीले शिक्षा सेवामुलक हुनुपर्नेमा जोड दिँदै नीजि क्षेत्रले लगानी गरेका छौं भन्दैमा धेरै नाफामुलक बनाउन नहुने बताउनुभएको थियो । पहिला गाउँबाट शहर पढ्न आउने प्रवृत्ति रहेको सम्झँदै उहाँले अहिले शहरबाट विदेश पढ्न जाने लहर बढेको बताउनुभएको थियो । यो समस्या हो तर यो कसरी आयो भन्ने कुरामा हामीले विचार गर्नुपर्ने उहाँको भनाई थियो । मेरो बच्चा विदेश पढ्नुपर्छ भन्ने सामाजिक मनोविज्ञानले गर्दा विदेश जाने लहर झन् बढ्दै गएको उहाँको तर्क थियो । लामो समयसम्म विदेश जाने क्रम नरहने बताउँदै उहाँले यो एउटा बिन्दुमा पुगेर क्रमश: घट्दै जाने भएकाले निराश नहुन सहभागीहरुलाई आग्रह गर्दै सँधै वैदेशिक शिक्षा नै प्रमुख रोजाइ नहुने निश्चित रहेको बताउँदै उहाँले गोष्ठीमा उठेका विविध विषयलाई सरकारले गम्भीररुपमा लिएर अघि बढ्ने बताउनुभएको थियो । गोष्ठी कार्यक्रमका संयोजक एवम् चितवन महोत्सव शिक्षा समिति संयोजक शंकर अधिकारीले गोष्ठीमा उठेका विषयहरुलाई उद्योग वाणिज्य संघ-चितवनले सम्बन्धित निकायहरुमा पुर्याउने बताउँदै चितवनको शिक्षा क्षेत्रको विकासमा गोष्ठी फलदायी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।



## ७. सांस्कृतिक कार्यक्रम (Cultural Programs)

कला संस्कृतिको संरक्षण गर्दै उपस्थित अवलोकन कर्ताहरूलाई भरपुर मनोरञ्जन दिने उद्देश्यले चितवन महोत्सव – २०८१ को अवसरमा १४ दिन सम्म लगातार सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिएको थियो । महोत्सवको एक महत्वपूर्ण आकर्षणको केन्द्रविन्दु रहेको सांस्कृतिक कार्यक्रम अर्न्तगत, लोक नृत्य प्रतियोगिता, लोक दोहोरी गीत प्रतियोगिता, अन्तर विद्यालय नृत्य प्रतियोगिता, आधुनिक गित प्रतियोगिता, बिभिन्न राष्ट्रिय कलाकारहरूको प्रहसन, राष्ट्रिय कलाकारहरूको प्रस्तुती रहेका थिए । चर्चित स्थानिय तथा राष्ट्रिक कलाकारहरूको जोडदार प्रस्तुतीका कारण दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो । सांस्कृतिक कार्यक्रमको समापनको दिन मिस नेपाल २०२४ आस्मा कुमारी के.सीको उपस्थिति रहेको थियो । उक्त दिनमा समेत दर्शकहरूको घुंईचो लागेको थियो ।




## समापन समारोह

चितवनको गौरव र गरिमामय प्रस्तुति १५ औं संस्करणको रुपमा रहेको चितवन महोत्सव- २०८१ को औपचारिक एवं विधिवत समापन समारोह मिति २०८१ माघ १० गतेका दिन बागमती प्रदेशका मुख्य मन्त्री माननीय बहादुर सिंह लामाको प्रमुख आतिथ्यतमा समापन भएको थियो । बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामाले स्वदेशमा उद्योगहरुको विस्तार गरी स्वदेशमै वस्तुहरु उत्पादन गर्नुपर्ने आजको आवश्यकता रहेको बताउनुभएको थियो ।उहाँले देशमा उद्योग व्यवसायमैत्री वातावरण बनाउनु पर्ने र त्यसका लागि प्रदेश सरकार लागिरहेको बताउँदै महोत्सवले स्वदेशी र स्थानीय उत्पादनको प्रवर्द्धन र बाजारीकरणमा सहयोग पुर्याउनुपर्ने जनाउँदै चितवन महोत्सव पनि यस कुरामा सफल बनेको होला भनि विश्वास व्यक्त गर्नुभएको थियो । महोत्सव मुल समिति संयोजक एवम् उवासंघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले महोत्सवको समापन गर्दै महोत्सव ऐतिहासिकरुपमा सफल भएको बताउनुभएको थियो । उहाँले महोत्सव अवधिभर ५ लाख जनाले सहभागिता जनाएको र ३० करोड बराबरको कारोबार भएको बताउँदै लक्ष्य अनुसार कै सहभागिता र कारोबार भएको भन्दै समापन समारोहमा खुसी व्यक्त गर्दै महोत्सव सफल पार्न सहयोग पुर्याउने सम्पूर्णलाई धन्यावद ज्ञापन गर्नुभएको थियो । अवलोकनकर्ताहरुको चाप र महोत्सव परिसरभित्र निर्माण गरिएका र आयोजना गरिएका प्रवर्द्धनात्मक क्रियाकलापहरुमा अवलोकन कर्ताहरुको जुन चासो र भिडभाड देखियो यसले आयोजकलाई रोमाञ्चित बनाएको र आगामी दिनहरुमा पनि यस किसिमका महोत्सवहरु आयोजना गर्नका लागि थप उत्साहित बनाएको बताउनुभएको थियो । उहाँले चितवन महोत्सव- २०८१ लाई सफल पार्न सहयोग गर्नुहुने भरतपुर महानगरपालिका, जिल्ला समन्वय समिति चितवन, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, महोत्सवका प्रायोजकहरू, पत्रकार, वुद्धिजिविवर्ग, सल्लाहकार, मुल समिति सदस्य, कार्यगत समितिसदस्य, एवं महोत्सव अवलोकन गर्ने ५ लाख दर्शक तथा महोत्सवका प्रदर्शकहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थिया । कार्यक्रममा महोत्सवलाई सफल पार्न सहयोग पुऱ्याउने विभिन्न संघ, संस्था, ब्यक्तित्व, उत्कृष्ट प्रदर्शक लगायतलाई प्रशंसा पत्र वितरण गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले चितवन जिल्लाको पहिचान, यसको बहुआयामिक विविधता, यहाँको पर्यापर्यटन र आन्तरिक तथा बाह्य पर्यटनका लागि चितवन सबै सिजनमा उत्कृष्ट गन्तव्य हो भन्ने स्थापित गर्न महोत्सव केन्द्रित रहेको बताउँदै यसका साथसाथै कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि, साहित्य प्रवर्द्धन तथा उद्योग प्रवर्द्धनमा महोत्सवका गतिविधि केन्द्रित रहेको उनले जानकारी बताउनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नु भएको थियो ।



# उद्योग वाणिज्य संघ-चितवन सदस्यता लिएपछि पाउने छुट सुविधाहरु

## कर सेवा :

सदस्यहरुलाई कर भुक्तानीका लागि सहजिकरण गर्न आन्तररिक राजश्व कार्यालय भित्र निशुल्क सेवा दिने उद्देश्यले कर सहायता कक्ष स्थापना गरिएको छ ।

## स्वास्थ्य सेवा :

### १. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल

- आधिकारीक परिचय पत्र भएका उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, औषधी, सीटी स्क्यान र क्रउबलित बाहेक अन्य सम्पूर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ ।

**पुनश्च** : उद्योग वाणिज्य संघ-चितवन बाट छुट कार्ड उपलब्ध गराईने छ ।

### २.चितवन मेडिकल कलेज (CMC)

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमरर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ ।

चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ ।

### ३. कलेज अफ मेडिकल साइन्स (COMS) टिचिङ्ग हस्पिटल

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | ओ.पि.डी | २५ प्रतिशत |
| २. | आई.पि.डी | १५ प्रतिशत |
| ३. | फार्मेसी | ०५ प्रतिशत |
| ४. | रेडियोलोजी | १० प्रतिशत |

### ४. चितवन मुटु हस्पिटल प्रा.लि.

फार्मेसी बाहेकका सवै सेवामा २०% छुट सुविधा पाउने ।

### ५. निको चिल्डेन हस्पिटल

फार्मेसी बाहेकका सवै सेवामा १५% छुट सुविधा पाउने ।

## हस्पिटालीटी सेवा :

### १. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |
| ३. | हल भाडा | १० % |

### २. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२९, दासढुङ्गा, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-५, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ६. सिराईचुली होटल, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | १५ % |

### ७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ % |

### ८. गन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २५ % |

### ९. होटल इनटुरिष्ट, इटहरी, सुनसरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | २० % |

### १०. कविलास रिसोर्ट प्रा.लि, भरतपुर-२९

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

### ११. होटल बाराही , लेकसाईड पोखरा

**संघका सदस्यहरुले २५ प्रतिशत छुट पाउन**

**केबुलकार सेवा** : **१. मनकामना दर्शन प्रा. लि.**
संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने
**२. मौलाकाली केवलकार लि.**
संघको सदस्यलाई २० प्रतिशत छुट पाउने

**प्याराग्लाइडिङ्ग सेवा** : **१. ओपन स्काइ प्याराग्लाइडिङ्ग प्रा. लि., लेक साइड, पोखरा**
संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

**पुनश्च** : उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ।





पान नं. ६१८०८२१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६-५१३३३३, मो.९७४४२५७२४२

चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.
CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.
भरतपुर-१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

हाम्रा सेवाहरु

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरु |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा। |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज। |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर। |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था। |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने। |

- रु.५०,०००।-(५०० कीत्ता) को शेयर खरिद गर्न सकिने।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको।




## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.......................................................................

.......................................................................

.......................................................................

.......................................................................

.......................................................................

..................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०